भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खाबाङ्वगर, रुकुम (पूर्व)
५ नं. प्रदेश, नेपाल

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खाबाङबगर, रुकुम (पूर्व) ५ नं. प्रदेश, नेपाल २०७३

## ६१ औं राष्ट्रिय बाल दिवसको अवसरमा शुभकामना

कोभिड-१९ को संक्रमण जोखिमले विश्व समुदाय नै त्रसित भैरहेको अवस्थामा आज हामी **"विपद्मा बाल अधिकारको सुनिश्चितताः हामी सबैको साझा प्रतिवद्धता"** भन्ने मूल नाराका साथ ६१ औं राष्ट्रिय बाल दिवस मनाउन गइरहेका छौं। यो अवसरमा सर्वप्रथम सबै बालबालिका तथा सम्बन्धित सरोकारवाला सबैमा शुभकामना दिन चाहन्छु। विगतका वर्षहरुमा बालअधिकार सुनिश्चितता र बाल प्रतिभा प्रष्फूटन गर्ने उद्देश्यले हामीले विभिन्न प्रतियोगिता तथा औपचारिक कार्यक्रमहरु सञ्चालन गरी बाल दिवसलाई विशेष दिन र उत्सवका रुपमा मनाउने गर्दथ्यौं। अहिले हामी इतिहासकै गम्भीर क्षणमा रहेका छौं। विश्वव्यापी रुपमा फैलिरहेको कोभिड-१९ (कोरोना भाइरस) संक्रमण र यसको असरबाट सिङ्गो विश्व नै आक्रान्त बनिरहेको विषम परिस्थितिमा हामी सबै गाउँपालिकाबासी सुरक्षित रहन र विशेष गरी भोलिका कर्णधार बालकालिकाहरुलाई सुरक्षित राख्न सम्बन्धित सबैमा अनुरोध गर्दछु।

बालबालिका आफैमा जोखिम क्षेत्र हुन्। नेपाली समाजमा बेलाबेलामा हुने बालहिंसा, बालश्रम, बालविवाह, बाल यौन दुराचार, बालदुरुपयोग, शिक्षाबाट बञ्चिति जस्ता समस्याका समाचारहरुले बिक्षिप्त बनाउँछ। मानव विकास सूचकाङ्कमा पछि परेको यस भूमे गाउँपालिकामा पनि थुप्रै बालबालिकाहरुले गुणस्तरीय शिक्षा, आधारभूत स्वास्थ्य, पोषण र पूर्ण बाल अधिकारको सुनिश्चितताबाट बञ्चित हुनुपरेको छ।

बालअधिकारलाई सुरक्षित गर्न नेपालको संविधानको धारा ३९ मा बालबालिकाको हकलाई मौलिक हकको रुपमा स्थापित गरी बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा तथा प्रारम्भिक बाल विकासको हक हुने, सर्वाङ्गीण विकासको हक हुने, बाल श्रममा लगाउन नपाइने, कुनै पनि स्थानमा कुनै किसिमको यातना दिन नपाइने, विशेष परिस्थितिका बालबालिको संरक्षण राज्यले गर्नुपर्ने, प्रत्येक बालबालिकाको आफ्नो पहिचान सहितको नामाकरण र जन्म दर्ताको हक हुने व्यवस्था गरेको छ। संविधानका अन्य धाराहरुमा भएको व्यवस्था र नेपाल सरकारबाट जारी विभिन्न नीति तथा कानूनले बालबालिकाको हक अधिकारलाई पहिलो प्राथमिकतामा राख्नुपर्ने जोड दिएको छ।

संविधान र कानूनमा भएको व्यवस्थालाई स्थानीय सरकारकोतर्फबाट अधिकतम् कार्यान्वयन गर्न बाल बचाऊ, बाल संरक्षण, बाल सहभागितामार्फत बाल अधिकार सुनिश्चित गरी बालबालिकाको सर्वाङ्गीण विकास गर्न सोही बमोजिमका नीति तथा कार्यक्रममा पालिकाले जोड दिइएको छ। आजका मूना भोलिका सुुन्दर फूल हुन्। बालबालिका विकास र सृद्धिका संवाहक तथा भोलि यो देश हाँक्ने कर्णधार हुन्। यो कुरालाई हृदयंगम गर्दै बालबालिकाको हक अधिकार सुनिश्चित गर्न अर्थपूर्ण बाल सहभागिता र समग्र विकासमा लगानी गर्न भूमे गाउँपालिका प्रतिवद्ध छ। हाल सृजित विषम परिस्थितिमा बालअधिकार सुरक्षित गर्न, बालसहभागिता सुनिश्चित गर्न र बाल मनोविज्ञानमा सकारात्मक प्रभाव पार्न आम अभिभावक, शिक्षक तथा सम्बन्धित सरोकारवालाहरुमा नविनतम् विधिको प्रयोग गर्न र हामीलाई सुझाव र सहयोग गरिदिनु हुन सबैमा विनम्र अनुरोध गर्दछु। साथै, सबै बाल भाईबहिनीहरु यो गाउँपालिका, देश र विश्व समुदायलाई योगदान दिने व्यक्तित्वको विकास गर्न निरन्तर मेहनती, थप सृजनशील, उर्जाशील, लगनशील, कर्तव्यनिष्ठ, बफादार रही आफ्नो अधिकार र कर्तव्यप्रति सदैव सचेत रहन अनुरोध गर्दै सुरक्षित जीवन र उज्वल भविष्यको कामना सहित राष्ट्रिय बालदिवसको अवसरमा पुनः शुभकामना व्यक्त गर्दछु।

*२०७७ साल भाद्र २९ गते सोमबार।*

**रामसुर बुढा मगर**
**गाउँपालिका अध्यक्ष**

रामसुर बुढा मगर
गाउँपालिका अध्यक्ष